## मिति २०८३/०४/१९ गतेको कार्यपालिका बैठकले गरेको महत्वपूर्ण निर्णयहरुः

१. यस बैजनाथ गाउँपालिका अन्तर्गतका तपशिल वमोजिमका मस्यौदा सम्वन्धि प्रतिवेदनमाथि छलफल गरि आगामी कार्यपालिका बैठकमा अन्तिम मस्यौदा/प्रतिवेदन पेश गर्न विधायन समितिलाई सैद्धान्तिक सहमती दिने।

तपशिलः

| सि.न. | विवरण | कैफियत |
|---|---|---|
| १ | बैजनाथ गाउँपालिकाको सूचना प्रबिधिको प्रयोग सम्बन्धि रणनीति (२० ८३ देखि २०८७ ) | |
| २ | बैजनाथ गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली २०८३ | |
| ३ | बैजनाथ गाउँपालकाको संचार नीति २०८३ | |
| ४ | बैजनाथ गाउँपालिकको क्षमता विकास योजना | |
| ५ | वैजनाथ गाउँपालिकाको संचार नीति, २०८३ | |
| ६ | बैजनाथ गाउँपालिकाको नागरिक सहभागिता एवम् सार्वजनिक जवाफदेहिता अभिवृद्धि कार्यविधि | |

२. मिति २०८३।०४।१९ गते विहान ८ बजे गाउँ शिक्षा समितिका संयोजक एवम यस गाउँपालिकाका अध्यक्ष प्रकाश बहादुर शाहीको अध्यक्षतामा गाउँपालिका अध्यक्षको कार्यकक्षमा बसेको गाउँ शिक्षा समितिको बैठकले गरेका निर्णयहरु प्रचलित कानूनको अधिनमा रही कार्यान्वयन गर्ने गरि समर्थन गर्ने।

३. तपशिलमा उल्लेख गरिएको व्यक्ति/संस्था प्रयोजनका लागि चालु आ.व. २०८३।०८४ का लागि गाउँ सभाबाट स्वीकृत कार्यक्रम/क्रियाकलाप भैपरी चालु खर्च शिर्षकबाट भुक्तानी दिने गरि स्वास्थ्य उपचार / कार्यक्रम/ विविध प्रकारको आर्थिक सहायता प्रदान गर्ने।

**तपशिल**

| व्यक्ति/ संस्थाको विवरण | ठेगाना | प्रयोजन | रकम |
|---|---|---|---|
| प्रदेशनी थारु | वैजनाथ-५, बाँके | छाला सम्वन्धि रोगबाट ग्रसित उपचार गर्न | रु पाँच हजार |
| नाइस नेपालगंज | नेपालगंज, बाँके | नाइस अवार्ड २०२६ कार्यक्रम संचालन गर्न | रु दश हजार |

४. यस गाउँपालिकाले हाल संञ्चालन गरिरहेको सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी कार्यक्रमको सेवालाई एकिकृत गरि संस्थागत रुपमा संञ्चालन तथा व्यवस्थापनको लागि सामाजिक विकास शाखा, रोजगार सेवा केन्द्र मातहत र मनोसामाजिक परामर्ष सेवा (मनोसामाजिक परामर्षकर्ता सहित) लाई स्वास्थ्य शाखा मातहत संञ्चालन गर्ने । उक्त सेवा प्रवाहमा खटिने कर्मचारीहरुले कार्य प्रगति प्रतिवेदन सम्बन्धीत शाखा प्रमुखहरुलाई पेश गर्ने साथै कार्य सम्पादन तथा सेवा प्रवाहको अनुगमन सम्बन्धीत शाखा र यस पालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिद्वारा कम्तिमा तीन महिनामा एक पटक हुने व्यवस्था गर्ने ।

वैदेशिक रोजगारि सम्बन्धी वर्तमान अवस्थाको विक्षेषण गर्दा क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यामदित बनाउदै वैदेशिक रोजगारबाट प्राप्त लाभको वृद्धि गरि सामाजिक लागत न्युनिकरण तर्फ जोड दिन पर्ने आवश्यक छ। उक्त विषयलाई मध्यनजर गर्दै हाल संघ, प्रदेश र यस पालिकाको साझेदारीमा वैदेशिक रोजगारी सम्बन्धी न्युनतम सेवाहरुलाई संस्थागत रुपमा व्यवस्थापन गरि संञ्चालन गर्ने ।